सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## *कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु*

*मिति २०७७/१/५ गते*

कोभिड -१९ संक्रमण नियन्त्रण तथा रोकथामका लागि अपनाउनुपर्ने सावधानी तथा उपचारमा गर्नुपर्ने प्रोटोकलको अभिमूखीकरणको लागि सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भु ज्ञवाली, मणिपाल अस्पतालका डा सी.पी आचार्य, जी.पी कोइराला स्वाश्प्रस्वास केन्द्रका डा. रामकुमार श्रेष्ठ लगायतको टोलीले तनहुँमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु तथा जिल्ला अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ स्टाफहरुसंग संयुक्त बैठक गरी Case Management, Treatment Protocol लगायतका विषयमा अभिमूखीकरण प्रदान गरेको छ।





यसैगरी आज नै सोही प्रायोजनको लागि स्याङजामा डा बद्रि पौडेल, डा विष्णुराज तिवारी लगायतका चिकित्सकहरुद्वारा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त टोली भोलि नवलपुर गइ सोहि विषयमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने छ। पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङका लागि पनि छुट्टाछुट्टै टोली जिल्लातर्फ प्रस्थान गरेको छ।



आज गण्डकी प्रदेश सभाका सदस्य तथा तत्कालिन पोखरा उपमहानगरपालिकाका पुर्व मेयर कृष्ण थापाज्यूसंग स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्मा र स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र PHEOC को टोलीले भेटघाट गरेको छ। भेटमा प्रदेश सभा सदस्य थापाले विदेशबाट आएकाहरुको RDT परिक्षण, पोखराबाट घरजान भनि हिंडेका र अलपत्र परेकाहरुको व्यवस्थापन लगायत विषयमा छलफल भयो।





पोषण क्षेत्रगत विषय (Nutrition Cluster) को भर्चुअल बैठक सम्पन्न भएको छ। बैठकमा विभिन्न प्रदेशका स्वास्थ्य निर्देशकज्यूहरु, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, पोषणविज्ञ, साझेदार संस्थाहरु लगायतको सहभागिता रहेको थियो। बैठकमा कोभिड -१९ र यस संगै जोडिएर आएको लकडाउनका कारणले गर्भवती र सुत्केरी आमाहरु तथा बालबालिकामा पर्न सक्ने र परिरहेको पोषण सम्बन्धि असरहरु र त्यसलाई न्यूनीकरण गर्नको निम्ति अपनाउनुपर्ने प्रभावकारी उपायहरुको बारेमा छलफल भएको थियो। बैठकको आयोजना र सहजीकरण युनिसेफले गरेको थियो

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## गण्डकी प्रदेशअन्तर्गतका जिल्लाहरुमा भएका कोभिड - १९ संग सम्बन्धित क्रियाकलापहरु

**बाग्लुङ्**का सबै १० पालिकामा १०४१ को द्रुत परिक्षण (RDT) परिक्षण सम्पन्न भएको छ। सबै स्थानिय निकायमा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्थ संयोजकले अनुगमन गर्नुभएको थियो। सबै स्वास्थ्य चौकीका प्रमुख र अन्य कर्मचारीहरुले समेत बिदेशबाट आएकालाई आरडीटी परिक्षणमा सहयोग पुर्याउनु भएको थियो। स्वास्थ्य कार्यालय बाग्लुङ् र धौलागिरी अञ्चल अस्पताल साथै स्थानीय निकायका स्वास्थ्यकर्मीहरु मार्फत मिति २०७६।१२।२७ गतेदेखि २०७७।०१।०४ गतेसम्म बागलुब जिल्लाका नगरपालिका र गाँउपालिकामा विदेशबाट आएका र कोरोनाभाइरस संक्रमित महिलाहरुको प्रत्यक्ष सम्पर्कमा आएका १०४१ जनाको कोभिड-१९ र्यापिड टेष्ट किट मार्फत परिक्षण भएको हो।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री केशब लामीछानेको संयोजकत्वमा गठीत संयुक्त कार्यदलको बैठक बसी हालसम्म भएका बिभिन्न गतिविधीहरुबारे समिक्षा गरी सुचनालाई अझ व्यवस्थित बनाउने बिषयमा छलफल गरिएको छ। बाग्लुङ् नगरपालिका वडा नं ४ मा पहिलो संक्रमित महिलाको सम्पर्कमा आएका २१ जनाको स्वाब परिक्षणको लागि पोखरा पठाइएकोमा सबैको नतिजा नेगेटिभ आएको छ। काठेखोला गाँउपालिका वडा नं. ६ बिहुस्थित इनारपानी बस्ने बर्ष ६५ की महिलालाई होम क्वारेन्टाइनमा बस्न लगाइएको साथै निजसंग तिर्थयात्रामा गएका १२ जनाको contact tracing गरिएकोमा निजहरुको अवस्था सामान्य रहेको छ। धौलागिरी अञ्चल अस्पतालमा आइसोलसन वार्डमा उपचारमा राखिएका बाग्लुङ् नगरपालिका ३ गौडाकोटकी ६५ वर्षकी महिला र वडा नं. ४ कुडुलेकी १९ वर्षिया महिलाको फलोअप नमुना संकलन गरी PCR Test को लागी पोखरा पठाइएकोमा ६५ वर्षकी महिलाको नेगेटिभ र वडा नं. ४ कुडुलेकी १९ वर्षिया महिलाको पुनः पोजेटिभ रिपोर्ट आएको छ। बाग्लुङ्गमा मिति २०७७ बैशाख ४ गते विभिन्न हेल्थ डेस्कमा जाचेका बिरामी संख्या ४७७ जना रहेको छ।



**कास्की**मा आज हामीलाई प्राप्त प्रतिबेदन अनुसार RDT Test ४४२ (पुरुष-३४८, महिला-९४) भएको छ। जसमा २ जनाको पोजेटिभ आएको थियो तर PCR जाचमा Negative आएको छ। कास्की जिल्लाका विभिन्न स्थानमा परिक्षण जारी रहेको छ। त्यसैगरी पोखरा महानगरपालिकाद्वारा अपाङ्गता भएका व्यक्तिहरु, गरिब तथा दैनिक ज्यालामजदुरी गर्ने १९,२२० घरपरिवारलाई राहत वितरण गरिएको छ।

**नवलपरासी पूर्व**मा आजसम्म २९ जनाको स्वाब परिक्षण भएको छ। त्यसैगरी २३ जना क्वारेन्टाइनमा रहेका छन। विदेशबाट आएकाहरु ८६८ छन भने आजसम्म RDT को परिक्षण २२३ जनाको गरिएको छ।

**मनांग**मा आजसम्म घरमै क्वारेन्टाइनमा बसेका १ जना छन भने आईसोलेसन बेड संख्या ७ रहेको छ। वैशाख ३ गते नार्सो गा पा १ तालमा वसेका का २ ईटलीयन नागरिक तथा वैशाख ४ गते मनाङ डिस्याङ गापामा रहेका फ्रेन्च ४ जना अर्जेन्टिनी ३ स्पेनिस १ रसियन १ तथा स्वीस नागरिक १ गरी जम्मा १२ जना पर्यटकको RDT Test गरिएको थियो जसको सबै परिणाम नेगेटिभ आएको छ।

**लमजुङ्**मा आजसम्म क्वारेन्टाइनमा ३४ जना व्यक्ति बसिरहेका छन। यसैगरी फिभर क्लिनिकमा सेवा लिएकाको संख्या ५८६, स्वाब संकलन ५४ भएको छ। जसमा ४५ को नेगेटिभ परिणाम आएको छ भने ९ जनाको परिणाम आउन बाकी छ। आजसम्म लमजुंगमा १४९ जनाको RDT परिक्षण भैसकेको छ र सबैको नेगेटिभ परिणाम छ।

**लमजुङ्**मा जिल्ला प्रसाशन कार्यालय, प्रहरी, स्वास्थ्य कार्यालय लगायतका सबै सरोकारवाला मिलेर ११२७४ परिवारलाई राहत (चामल, नुन, तेल, दाल, चिनी, साबुन लगायतका सामान) वितरण भएको छ।

नेपाल सरकारको निर्णय अनुसार चैत्र महिना देखि **लमजुङ्**मा आएर बसेका, क्वारेन्टाइनमा बसेका, विदेशबाट आएका, सुरक्षा र उपचारमा खटिएका कर्मचारीका लागी ५०० किट आबस्यक रहेको जनाईएको छ।

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

**मुस्ताङ्**मा फिभर क्लिनिकबाट परिक्षण भैरहेको छ। यसैगरी **मुस्ताङ्**मा RDT परिक्षण शुरु भैसकेको छ। मुस्तांगमा अबस्थित जिल्ला अस्पताल, जोमसोमलाई निर्मलीकरणपनि गरिराखिएको छ।

यसैगरी **मुस्ताङ** जिल्लाका माननीय सदस्य ज्यूहरु, पालिका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारी, व्यापार संघ तथा सरोकारवालाहरुको संयुक्त बैठकले राहत संकलन तथा वितरण गर्ने निर्णय पनि गरेको छ।







**स्याङ्जा**मा ज्वरो क्लिनिकबाट आजसम्म १४७०१ महिला र ३५६३१ पुरुष गरि ५०३३२ जनाले परिक्षण गरेका छन । १०१ जनाको PCR परिक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ। ४५३ जनाको RDT किट बाट परिक्षण भएकोमा सबैको नेगेटिभ आएको छ। ५२ जना होम क्वारेन्टाइनमा बसेका छन।

सुआहारा परियोजना, नेपालले नेपाल लगायत विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोगको रोकथामको सम्बन्धमा एकिकृत पोषण कार्यक्रम सुआहारा परियोजनाले लकडाउनको अवधिमा पनि परियोजना संचालन भएकास्याङ्जा, बाग्लुङ, म्याग्दी, गोरखा, लमजुङ र नवलपुर जिल्लामा विभिन्न रचनात्मक क्रियाकलापहरु संचालन गरि रहेको छ। जसमा टेलीफोन सम्पर्क मार्फत १००० दिने लगायत अन्य घरधुरीहरुमा समेत दैनिक पोषण तथा कोरोना भाइरस रोग (कोभिड–१९) सम्बन्धी नेपाल सरकारले स्वीकृत गरे बमोजिमका सचेतना मुलक सन्देश सहित फिल्ड कर्मचारीहरुबाट निर्देशिका अनुरुप घरधुरीहरु नदोहोरिने गरी परामर्श संचालन भइरहेको छ। उक्त परियोजनाले मिति २०७६ चैत्र २३ देखि २०७७ बैशाख ४ सम्म १४१८५ जनालाई परामर्श सेवा प्रदान गरेको छ।

यसैगरी गण्डकी प्रदेशका विभिन्न जिल्लाका १६ वटा स्थानिय एफ एम हरुबाट प्रत्येक आइतबार बिहान ७:३० बजे (प्रत्यक्ष प्रसारण), दिउँसो १ बजे र वेलुका ९ बजे र रेडियो नेपालबाट प्रत्येक शनिबार बिहान, दिउँसो र बेलुका सोही समयमै आम जनमानसबीच अन्यन्त लोकप्रिय रहेको "भन्छिन आमा कार्यक्रम" मार्फत आपतकालीन अवस्थामा पोषण तथा कोरोना भाइरस रोगबाट बच्ने उपायका बारेमा सचेतीकरण अभियान संचालन गर्दै आइरहेको छ।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

यसका साथै कोरोना भाइरस रोगबाट बच्ने उपायहरुबारे गण्डकी प्रदेशका १६ वटा स्थानिय एफ एम स्टेशनहरुबाट (परियोजना संचालन भएका जिल्लाहरुका स्टेशन साथै बन्दीपुर एफ एम बाट समेत ) कोरोना भाइरस रोग लाग्नबाट बच्ने उपायहरु सम्बन्धि, सामाजिक दुरी सम्बन्धी र सामाजिक दूरी कायम गर्ने र समाजमा रहेका गलत धारणा सम्बन्धी सचेतनामूलक जिंगलहरु प्रत्येकदिन १५ पटक नियमितरुपमा बजिरहेको छन् ।

**म्याग्दी** जिल्लामा पनि विदेशबाट आएका १३४ जनाको RDT परिक्षण गरिएको र छुट भएकालाई RDT परिक्षणका लागि आह्वान गरिएको छ । कमाण्ड पोस्टको बैठकबाट बेनी अस्पतालमा रहेको आईसोलेसन वार्डको क्षमता बढाउने, अनुगमनलाई अझै प्रभाबकारी बनाउनुको साथै पर्वत, बाग्लुङ र म्याग्दी जोड्ने पुलहरुमा थप कडाई गर्ने निर्णय गरेको छ ।




आज नै स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालिन कार्यसंचालन केन्द्रमार्फत गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न साझेदार संस्थाहरुबीच भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ । उक्त बैठकमा विश्व स्वास्थ्य संगठन, युनिसेफ, विश्व खाद्य कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी कास्की लगायतका साझेदार संस्थाको उपस्थिति रहेको थियो ।

**चैत्र महिनाभित्र विदेशबाट आएकाहरुले अनिवार्य रुपमा आफ्नो नजिकको स्वास्थ्य केन्द्रहरुमा कोभिड - १९ को परिक्षण गरौँ ।**

**लकडाउनको पालना गरौँ ।**
**घरमै बसौं सुरक्षित रहौं ।**

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं । होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने ।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने ।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने ।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने । हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने ।

ङ.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने । यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने । खोक्दा वा हाछयु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने ।

*Website: http://hd.gandaki.gov.np/* *Email Address: hd.gandaki@gmail.com*

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४


सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ५ गते (४ बजे सम्म )
जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 442 | 132 | 123 | 0 | 9 |
| स्यांग्जा | 22 | 388 | 37 | 52 | - | 46191 | 15 | - | 601 | 453 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 480 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 68 | 949 | 34 | 24 | 4 | 541 | 5 | - | 188 | 149 | 53 | 44 | 0 | 9 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 268 | 5 | 5 | 0 | 0 |
| पर्वत | 11 | 375 | 18 | 185 | - | 326 | 20 | 0 | 316 | 330 | 68 | 68 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 132 | 14 | 11 | 0 | 3 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 803 | - | 13664 | 12 | 2 | 836 | 1046 | 62 | 60 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 241 | 24 | 24 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 12 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 8 | - | - | - | - |
| **जम्मा** | 278 | 4003 | 223 | 2044 | 89 | 61527 | 279 | 2 | 4522 | 3561 | 474 | 451 | 2 | 21 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस (कोभिड -१९) रोकथाम, नियन्त्रणका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लामा भएका गतिविधिहरु



बाग्लुङ् अस्पतालमा निर्मलीकरण गरिंदै



स्याङ्जामा Case  Management को अभिमूखीकरण हुदै



बाग्लुङमा RDT किटबाट परिक्षण गरिंदै



एम्बुलेन्सलाई  निर्मलीकरण गरिंदै

सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस (कोभिड -१९) रोकथाम, नियन्त्रणका लागि गण्डकी प्रदेशका विभिन्न जिल्लामा भएका गतिविधिहरु




स्याङ्जामा अस्पतालमा ICU स्थापनाको सम्बन्धमा अस्पतालका प्रतिनिधिसंग छलफल गर्दै स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्मा ज्यू



बाग्लुङ् मा एम्बुलेन्स चालकलाई PPE लगाउने तालिम प्रदान गरिंदै



RDT परिक्षण गरिएकाहरुको लगत संकलन गरिंदै

Website: http://hd.gandaki.gov.np/
Email Address: hd.gandaki@gmail.com